# जुगल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बराम्ची, सिन्धुपाल्चोक
## बागमती प्रदेश, नेपाल

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

मितिः २०८३/०५/१८
ने.स. ११४६गुँलागा सप्तमी

**प्रेस विज्ञप्ति**

मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढी तथा अकल्पनीय विपद्का कारण भएको जनधनको क्षतिप्रति जुगल गाउँपालिका गहिरो दुःख व्यक्त गर्दछ । यस घटनामा परी ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दै घाइते तथा प्रभावित नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।राष्ट्रिय विपद्को यस दुःखद घडीमा प्रभावित नागरिकहरुको उद्धार राहत तथा पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले मिति २०८३/०५/१७ गतेको विशेष गाउँ कार्यपालिका बैठकको निर्णयअनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार राहत कोषमा जुगल गाउँपालिकाको तर्फबाट तपशिल बमोजिमको एकमुष्ट रु. ३७,९९,८८९/- (अक्षरुपी सैतिस लाख उनानसय हजार आठ सय उनानब्बे रुपैंया) सहयोग रकम उपलब्ध गराउने निर्णय गरिएको व्यहोरा जानकारी गराईन्छ ।

साथै, हाम्रो आफ्नै गाँउपालिकाभित्रका १५ जना नागरिकहरु बाढी प्रभावित क्षेत्रमा रहनु भएको र हालसम्म उहाँहरुको अवस्था अज्ञात रहेको खबरले गाउँपालिका परिवारलाई चिन्तित बनाएको छ । यस दुःखद घडीमा विपद्का कारण हुनसक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै गाँउपालिकाको विपद् कोष खाताबाट बेपत्ता/मृतक व्यक्तिका परिवारजनहरुलाई प्रति व्यक्ति रु. १,००,०००/- (अक्षरुपी एक लाख रुपैंया) तत्काल आर्थिक सहायता उपलब्ध गराइनेछ । महाविपद्को यस दुःखद घडीमा प्रभावित नागरिकहरुप्रति ऐक्यबद्धता व्यक्त गर्दै उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग, समन्वय र सहकार्यका लागि सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं ।

**तपशिलः**

| क. सं | योगदान समूह | रकम रु | कैफियत |
|---|---|---|---|
| १. | सम्पूर्ण गाउँपालिकाका कर्मचारीहरुको तर्फबाट | ४,९५,४९७/- | अधिकृतस्तर - ७ दिन<br>सहायकस्तर - ५ दिन<br>श्रेणीविहिन - २ दिन |
| २. | विद्यालय शिक्षक/कर्मचारीहरुको तर्फबाट | १८,७२,३९२/- | उ. मा. वि./ मा. वि. तृतीय - ७ दिन<br>नि. मा. वि. तृतीय/ प्रा. वि. द्वितीय - ५ दिन<br>प्रा. वि. तृतीय तह - ५ दिन<br>विद्यालय कर्मचारी/विद्यालय नर्स - ३ दिन<br>कार्यालय सहयोगी - २ दिन |
| ३. | सम्पूर्ण जनप्रतिनिधिहरुको तर्फबाट | ४,३२,०००/- | एक महिना बराबरको सेवा सुविधा |
| ४. | विपद् व्यवस्थापन कोषबाट | १०,००,०००/- | |
| | **जम्मा रकम** | **३७,९९,८८९/-** | **अक्षरुपी सैतिस लाख उनानसय हजार आठ सय उनानब्बे रुपैंया मात्र** |

गौरवराज के सी.
प्रमुख प्रशासकीय अधिकृत

हिमाल कुमार श्रेष्ठ
उपाध्यक्ष

रेशम स्याङवो
अध्यक्ष